# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ ८ गते २०१३ साल

### कानूनमन्त्रालय

श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाहले बनाइबक्सेको तल लेखिएको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

### २०१३ सालको ऐन नं. १

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजा महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।



35

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

# सर्वोच्च अदालत ऐन २०१३

## प्रस्तावना

जनसाधारणको अधिकार तथा स्वतन्त्रताको सफलतापूर्वक रक्षा गर्नको निमित्त एउटा सर्वोच्च अदालतको स्थापना गर्नुपर्ने आवश्यक भएको हुनाले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार तथा प्रारम्भ— (१) यस ऐनको नाम– 'सर्वोच्च अदालत ऐन, २०१३' रहेको छ।

(२) यो ऐन नेपाल भरमुलुकमा तुरुन्त लागू हुनेछ।

२. परिभाषा — विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा —

(क) 'सर्वोच्च अदालत' भन्नाले यस ऐनबमोजिम स्थापित सर्वोच्च अदालत संझनुपर्छ।

(ख) 'प्रधान न्यायाधीश' भन्नाले सर्वोच्च अदालतको प्रधान न्यायाधीश संझनुपर्छ र सो शब्दले कायममुकायम प्रधान न्यायाधीशसमेत जनाउँछ।

(ग) 'न्यायाधीश' भन्नाले सर्वोच्च अदालतको प्रधान न्यायाधीश, स्थायी न्यायाधीश वा अतिरिक्त न्यायाधीशसमेत संझनुपर्छ।

३. सर्वोच्च अदालतको स्थापना र गठन—(१) नेपालको एक सर्वोच्च अदालत हुनेछ, जसमा एउटा प्रधान न्यायाधीश र अरु चार स्थायी न्यायाधीश रहनेछन्।

(२) प्रत्येक स्थायी न्यायाधीशको नियुक्ति श्री ५ महाराजाधिराजबाट मंत्रिमण्डलका सल्लाहअनुसार लालमोहर द्वारा गरिबक्सिनेछ।

(३) प्रत्येक स्थायी न्यायाधीश ६० वर्षको उमेर नपुगुन्ज्याल र अतिरिक्त न्यायाधीश नियुक्तिको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन्।

४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर—

[क] न्यायाधीशले श्री ५ महाराजाधिराजका हजुरमा आफ्नो हस्ताक्षरले पत्र लेखी पदत्याग गर्न पाउनेछन्।

[ख] खराब आचरण वा सामर्थ्यहीनताले गर्दा कुनै न्याया-धीश आफ्नो कर्तव्य पालन गर्न अयोग्य छ भन्ने सरकार-बाट नियुक्त कमिशनले ठहराएमा श्री ५ महाराजाधिरा-जबाट त्यस्तो न्यायाधीशलाई निजको पदबाट हटाउन सकिबक्सिनेछ।

(४) देहायबमोजिमको नभई कुनै व्यक्ति न्यायाधीशको पदमा नियुक्त हुनेछैन।

[क] नेपालको नागरिक,

[ख] कानूनको ज्ञाता, र

[ग] कुनै स्वीकृत विश्वविद्यालयको डिग्री प्राप्त।

[५] न्यायाधीशको पदमा नियुक्त भएको प्रत्येक व्यक्तिले आफ्नो पद ग्रहण गर्नुभन्दा अघि श्री ५ महाराजाधिराजका समक्ष वा मौसूफद्वारा तोकिएको अरू कुनै व्यक्तिका समक्ष अनुसूचीमा लेखिएब-मोजिमको शपथ लिई वा प्रतिज्ञा गरी तथा सो शपथ वा प्रतिज्ञाप-त्रमा सहिछाप गरी दाखिल गर्नुपर्छ।

७ <u>न्यायाधीशहरूको तलब र भत्ता</u>—[१] प्रधान न्यायाधीशको तलब मो. रु. १४०० चौध सय मासिक र अरू प्रत्येक न्यायाधीशको तलब मो. रु. ११०० एघार सय मासिक हुनेछ।

[२] प्रत्येक न्यायाधीशले सरकारबाट बनेका नियमद्वारा तोकिएब-मोजिमको भत्ता तथा सबमोजिम बिदा र पेन्शनका सम्बन्धमा तोकिएको अधिकार पाउनेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर न्यायाधीशको नियुक्ति भएपछि निजले पाउने भत्ता वा निजको बिदा र पेन्शनबारेको अधिकार निजलाई मर्का पर्ने गरी बदलिनेछैन।

५ न्यायाधीशहरूका सम्बन्धमा अस्थायी व्यवस्था—[१] दफा ३ र ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको नागरिक नभएको व्यक्ति न्यायाधीश नियुक्त हुन सक्तछ। त्यस्तो नियुक्तिका शर्तहरू सो व्यक्ति र सरकारका बीच भएको कबूलियतमा लेखिएबमोजिमको हुनेछ र सो कबूलियतमा लेखिएका कुराहरू यसै ऐनमा परेसरह मानिने छन्।

[२] दफा ३को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन जनामा नबढाई आवश्यक भएबमोजिम जति र तोकिएका अवधिसम्मलाई सरकारले अतिरिक्त न्यायाधीशहरूको नियुक्ति गर्न सक्तछ, र दफा (४) को उपदफा (४) को खंड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो खंडमा उल्लिखित योग्यता नभएको व्यक्ति यस उपदफाअन्तर्गत नियुक्त हुने अतिरिक्त न्यायाधीशको पदमा ल्याइन सक्तछ।

[३] दफा ३ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) अन्तर्गत नियुक्त भएका न्यायाधीशबाहेक अरू प्रत्येक न्यायाधीशको नियुक्ति २ वर्षको नोकरी पुगेपछि सदर गर्ने वा नगर्ने गरी अस्थायी रूपमा हुनेछ।

[४] यो ऐन प्रारम्भ भएका ६ वर्षपछि यस दफामा लेखिएका कुराहरू कायम रहनेछैनन्।

६ अस्थायी विशेष न्यायाधीश (एडहक जज)— दफा ३ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायाधीश भई काम गरी

४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकेका वा न्यायाधीश हुन सक्ने योग्यता भएका कुनै व्यक्तिलाई सरकारले सर्वोच्च अदालतको न्यायाधीश भई काम गर्नाका लागि नियुक्त गर्न हुनेछ। सोबमोजिम नियुक्त गरिएका प्रत्येक व्यक्ति न्यायाधीश भई बस्दा र काम गर्दा सरकारले आदेशद्वारा तोकेबमोजिमको भत्ता निजले पाउनेछन् र त्यस्तो व्यक्ति अरू सरकारी नोकरीबाट सर्वोच्च अदालतमा भएको रहेछ भने सो भत्ता निजले खाई पाई आएको तलबमाथि पाउनेछ। निजको अधिकारक्षेत्र अख्तियार र सुविधा न्यायाधीशसरह नै हुनेछ, किन्तु निज सो बाहेक अरू कुरामा न्यायाधीश मानिनेछैनन्।

७ कायम मुकायम प्रधान न्यायाधीश.— प्रधान न्यायाधीशको पद खाली हुन आएमा वा प्रधान न्यायाधीशले आफ्नो पदसम्बन्धी कर्तव्य पालन गर्न नसक्ने भएका अवस्थामा सरकारबाट तोकिएका अन्य न्यायाधीशले सो पदको कर्तव्य कायम मुकायम प्रधान न्यायाधीश भै पालन गर्नेछन्।

८. सर्वोच्च अदालतको स्थान — सर्वोच्च अदालत काठमाडौं वा प्रधान न्यायाधीशको राय लिई सरकारले समय समयमा तोकेका ठाउँ वा ठाउँहरूमा अवस्थित हुनेछ।

९. सर्वोच्च अदालत अभिलेख अदालत हुने — सर्वोच्च अदालत अभिलेख अदालत [कोर्ट अफ रेकर्ड] हुनेछ तथा आफ्नो अवहेलनासम्बन्धी सजाय गर्ने अख्तियारसहितको त्यस्तो अदालतले पाउने सबै अख्तियार र सर्वोच्च अदालतमा हुनेछ।

१०. सर्वोच्च अदालतको साधारण अधिकारक्षेत्र —सर्वोच्च अदालतलाई प्रचलित कानूनले प्रदान गरेबमोजिम अपील सुन्ने, मुद्दा दोहऱ्याउने वा अरू किसिमको समेत अधिकारक्षेत्र हुनेछ।

43

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्र— प्रचलित कानूनद्वारा नागरिक तथा अरूहरूलाई प्रदत्त अधिकारको प्रचलनका लागि कानूनमा अरू कुनै उपायको व्यवस्था नगरिएको भए त्यसका निमित्त जो चाहिने आज्ञा, आदेश वा पुर्जी अथवा बन्दी प्रत्यक्षीकरण (हेबियस कर्पस) परमादेश (म्यान्डेमस) प्रतिषेध (प्रोहिबिशन) अधिकार पृच्छा (क्वावारेन्टो) र उत्प्रेषण (सर्सियोरारी) का प्रकारका पुर्जीसमेत शामेल छन्, जारी गर्ने सर्वोच्च अदालतलाई अख्तियार हुनेछ।

१२. सर्वोच्च अदालतले ठहराएको कानूनका सिद्धान्त मान्न कर लाग्ने—सर्वोच्च अदालतले मुद्दा मामिलाको रोहमा ठहराएको कानूनका सिद्धान्त नेपाल मुलुकका सबै अदालतलाई मान्न कर लाग्नेछ।

१३. अधिकारी वर्गले सर्वोच्च अदालतलाई सहयोग दिनुपर्ने— नेपालभर मुलुकका सबै किसिमका अधिकारीवर्गले सर्वोच्च अदालतलाई सहयोग दिनु छ।

१४. सर्वोच्च अदालतको प्रशासकीय काम— (१) अपील सुन्ने आफ्नो अधिकारक्षेत्र—अधीनका नेपालभर मुलुकका सबै अड्डा अदालतहरूमाथि सर्वोच्च अदालतको तालुक रहनेछ र सर्वोच्च अदालतले देहायबमोजिमको काम गर्न सक्छ।

(क) सो अड्डा अदालतहरूमा परे छिनेका मुद्दाहरूको फाँटर कागजात सर्वको नक्कल झिकाउने।

(ख) सो अड्डा अदालतहरूको रोह रीत र कारवाई व्यवस्थित गर्नाकाई फाराम नमूना तोक्ने र सामान्य (जनरल) नियमहरू जारी गर्ने।

(ग) सो अड्डा अदालतहरूका अफिसरहरूले राख्नुपर्ने स्याहा खेस्रा बही, हिसाब किताबको फाराम नमूना तोक्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यस्तो नियम तथा फाराम नमूना भई रहेको कानून बर्खिलाप हुन हुँदैन ।

[२] यस दफामा लेखिएको कुनै कुराले सर्वोच्च अदालतलाई तल्लो अदालतको अपील नलाग्ने वा दोहर्याउन नसक्ने फैसला माग्ने अधिकार दिएको मानिनेछैन ।

१५. सर्वोच्च अदालतको काम कारवाईको भाषा— सर्वोच्च अदालतको सबै काम कारवाई नेपाली भाषामा हुनेछ।

तर——

[क] सर्वोच्च अदालतले कुनै व्यक्तिलाई अर्को कुनै भाषामा अदालतलाई सम्बोधन गर्ने अनुमति दिन हुन्छ।

[ख] दफा ५ को उपदफा (१) अन्तर्गत नियुक्त न्यायाधीशले अंग्रेजी भाषामा फैसला गर्न हुन्छ र सो फैसलाको नेपाली भाषामा गरिएको अधिकृत अनुवाद प्रमाणिक फैसलासरह मानिनेछ ।

१६. अदालतको नियम इत्यादिबारे— [१] प्रचलित कानूनका अधीनमा रही सर्वोच्च अदालतले आफ्नो अड्डाको रीत रिति तथा कार्यप्रणाली सामान्य तवरले व्यवस्थित गर्नालाई समय समयमा देहायका विषयमा नियम बनाउन हुन्छ। तर ती नियमहरू सरकारबाट स्वीकृत नभई लागू हुनेछैनन् ।

[क] सर्वोच्च अदालतमा मुद्दा बहस गर्ने वकीलहरू बारे।

[ख] अपील सुन्ने र सर्वोच्च अदालतमा अपील दायर गर्ने म्याद समेतको त्यस सम्बन्धमा अरू विधिको कार्यप्रणालीबारे ।

[ग] सर्वोच्च अदालतको काम फर्स्योट र सो अदालतको अधिकार क्षेत्र तथा अख्तियारको प्रयोग एक जना न्यायाधीश, डिभिजन बेंच, स्पेशल बेंच र फुल बेंचले गर्नेबारे।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९ छिन्न बाँकी मुद्दा मामिला—यो ऐन प्रारम्भ भएका अघिल्ला दिनसम्ममा दायर भई छिन्न बाँकी प्रधान न्यायालयमा रहेका सबै मुद्दा मामिला सर्वोच्च अदालतमा सरेका मानिनेछन् र सो अदालतबाट हेरी किनारा हुनेछन् ।

२० हाल खबर इत्यादि माग्ने झिकाउने सरकारको अधिकार—समय समयमा सरकारले मागे झिकाएबमोजिमको हाल खबर फाँटवारी तथा मिसिल कागजात सर्वोच्च अदालतले दिनु पठाउनुपर्छ ।

२१ बाधा अड्काउ फुकाउने अधिकार—यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सरकारले सो बाधा अड्काउ फुकाउनको लागि गजेटमा सूचना प्रकाश गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।

२२ खारेजी—नेपाल प्रधान न्यायालय ऐन, २००८, खारेज गरिएको छ ।

२३ भइरहेको कानूनमा रूपान्तर—अरू कुनै कानूनमा 'प्रधान न्यायालय' भन्ने उल्लेख भएका ठाउँमा सो शब्दको सट्टा 'सर्वोच्च अदालत' भन्ने शब्द रहेको सम्झनुपर्छ ।

२४ शाही विशेषाधिकारको रक्षा—यस ऐनमा रहेको कुनै कुराले पनि श्री ५ महाराजाधिराजको न्यायव्यवस्थासम्बन्धी विशेषाधिकारलाई लुप्त गर्ने, सीमित गर्ने वा घटाउनेछैन ।

## अनुसूचि

१ म ... सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा । न्यायाधीश नियुक्त भएको छु परमात्मालाई साक्षी राखी शपथ ग्रहण गर्दछु / सत्यनिष्ठा सहित प्रतिज्ञा गर्दछु कि नेपालको वैधानिक कानून र त्यसका सिद्धान्तप्रति श्रद्धा भक्ति राख्ने छु । म पूरा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तवरले औ श्रद्धापूर्वक आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकद्वारा आफ्नो पदको कर्तव्यलाई भय, पक्षपात, माया, लोभ वा द्वेषभाव नगरी पालन गर्नेछु र साथै म नेपाल कानूनको मर्यादा कायम राख्नेछु ।

इति सम्वत् २०१२ साल ज्येष्ठ ५ गते रोज शुभम्—————

सदर २०१३।२।८।२ मा

आज्ञाले—
नयनबहादुर खत्री
का.मु. सेक्रेटरी— कानूनमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित, मेनेजर प्रेमराज शर्मा,

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[घ] दफा ११ अन्तर्गत कानुनी अधिकारको प्रचलनका लागि सर्वोच्च अदालतबाट गरिने कारवाईबारे।

[ङ] मुद्दामामिलाको फैसला कुन शर्तका अधीनमा फेरि हेर्ने (रिभ्यु गर्ने) हो सो र त्यसरी फेरि हेर्दाको कार्यप्रणाली तथा त्यसका निमित्त सर्वोच्च अदालतमा निवेदनपत्र दिने म्यादसमेतबारे ।

[च] सर्वोच्च अदालतको कारवाईमा वा हर्जाको परिणाम स्वरुप लागेको खर्च र सो कारवाईका सम्बन्धमा बुझाउनुपर्ने दस्तुरबारे ।

[छ] जमानीमा छाड्नेबारे ।

[ज] सर्वोच्च अदालतको दृष्टिमा निरर्थक, खिचोल्याहा वा झुल्याउने किसिमको अपील ठाडो कारवाई गरी सो अदालतले छिन्नेबारे।

[२] यो ऐन कार्यान्वित गर्न आवश्यक भएका वा सोबमोजिम गर्दा परिणामस्वरुप गर्नुपर्ने भएका सबै विषयमा यस दफाअन्तर्गत बनेका नियमद्वारा व्यवस्था हुन सक्छ।

[३] न्यायाधीशले खुला इजलासमा फैसला सुनाउनुपर्छ।

१७ जिल्ला न्यायाधीश र इलाका न्यायाधीशको नियुक्ति— जिल्ला न्यायाधीश र इलाका–न्यायाधीश नियुक्त गर्ने र निजहरूलाई स्थान तोक्ने तथा प्रमोशन दिने काम सर्वोच्च अदालतको सल्लाह लिई सरकारले गर्नेछ ।

१८ सर्वोच्च अदालतको खर्च —सर्वोच्च अदालतका न्यायाधीश अफिसर तथा कर्मचारीहरूका निमित्त वा निजहरूका सम्बन्धमा खर्च हुने सबै तलब भत्ता तथा पेन्शनसमेतको सो अदालतको प्रशासकीय व्यय सरकारी कोषबाट बेहोरिनेछ। सर्वोच्च अदालतद्वारा असूल भएको दस्तुर बापतको वा अरु रकमको आयस्ता सरकारी कोषमा सम्मिलित गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।